प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली

## विद्युतीय औजार उपकरण खरिदका लागि सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०२।१८

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि विद्युतिय औजार उपकरण खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशीत गरिएको छ । देहाय अनुसार इजाजत प्राप्त फर्म, कम्पनी वा आपूर्ति गर्ने संस्थाहरुबाट सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने फर्म, कम्पनी वा आपूर्ति संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहाय बमोजिमको शूल्क तिरी नगदी रसिद साथ कारोबार दर्ता, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व. २०७७।७८ को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समेत संलग्न राखी निवेदन पेश गरेमा यस कार्यालयबाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ । दरभाउपत्र खरिद गरी १६ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा खोलिने छन् ।

२. कारणवस दरभाउपत्र विक्रि, दर्ता तथा खोल्ने दिन सार्वजनिक विदा परेमा विदापछि कार्यालय खुलेको दिन क्रमशः सोही समयमा दरभाउपत्र विक्रि, दर्ता तथा खोल्ने कार्यसमेत हुनेछ ।

३. राजश्व वापत रकम तपशिल बमोजिमको खातामा दाखिला गर्नु पर्नेछ ।

क. बैंकको नामः रा.बा. बैंक, धनगढी

ख. रकम दाखिला हुने कार्यालयको नामः प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी

ग. कार्यालय कोड नं. ३०१००७७०१७

घ. खाता नं. १०००२०००१००००

ङ. राजश्व शिर्षक नं. १४२२९

४. दरभाउपत्रदाताले मूल्य अभिवृद्धी कर बाहेकको रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक प्रतिनिधिले सहि छाप गरी आवश्यक कागजात र धरौटी वापत सूचनामा उल्लिखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय,

सूदूरपश्चिम प्रदेश कैलालीको रा.बा. बैंक धनगढीमा रहेको धरौटी हि.नं. ४१७०१००२०२०३०००० मा जम्मा गरेको बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको बाणिज्य बैंक वा वित्तिय संस्थाको बिड वण्ड समेतका आवश्यक कागजपत्रहरुको प्रतिलिपि सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । सिलबन्दी खामको बाहिर पट्टी पाउनेमा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूदूरपश्चिम प्रदेश, धनगढी र पेश गर्नेमा दरभाउपत्रदाताको नाम, ठेगाना तथा फोन नं समेत उल्लेख गर्नु पर्नेछ ।

५. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यावसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा घोषणा पेश गर्नु पर्नेछ ।

६. रीत नपुगी वा दरभाउपत्रदाताको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिम भए नभएको परीक्षणमा ग्राह्य भएका दरभाउपत्रदाताहरुबाट मात्र छनौट गरिनेछ ।

९. दरभाउपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

१०. यस बाहेक अन्य कूराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

| ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सेवाको संक्षिप्त विवरण | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|
| SQ1-OCMCM/ NCB/ 2078-079 | Multi functional/Normal Printer, Digital Voice recorder, Camera, Tripod, Laptop Computer, Desktop Computer, Television 65", 43", Sound System with wireless microphones, Screen Splitter for multi screen | रु. १,०००।- | रु. ५०,०००।- |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४